# निर्वाचन अधिकृतको सूचीबाट हटाइएको तथा निर्वाचन अधिकृतमा नियुक्त गरिएको सूचना

सम्वत् २०७४ साल असोज २ गते सोमबारका दिन प्रदेश नं. २ का ८ जिल्लाका १३६ स्थानीय तहमा सम्पन्न हुने स्थानीय तह अन्तर्गतको गाउँपालिका र नगरपालिकाको निर्वाचनका लागि देहायका महानुभावहरूलाई निर्वाचन अधिकृतको सूचीबाट हटाइएको र देहायका महानुभावहरुलाई मिति २०७४ भदौ १ देखि लागू हुने गरी निर्वाचन अधिकृत पदमा नियुक्त गरिएको छ । निर्वाचन अधिकृतको नियुक्ति-पत्र प्रशिक्षणकै समयमा उपलब्ध गराइने र नियुक्त हुनु भएका निर्वाचन अधिकृतले भदौ १२ गते सम्ममा सम्बन्धित स्थानीय तहमा आफ्नो कार्यालय स्थापना गर्नुपर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

(क) निर्वाचन अधिकृतको सूचीबाट हटाइएको तथा निर्वाचन अधिकृतमा नियुक्त गरिएको विवरण:

| क्र.सं. | जिल्ला | गापा/नपा | खण्ड (क) सूचीबाट नाम हटाइएका अधिकृतहरुको विवरण | | | खण्ड (ख) नियुक्ति गरिएका निर्वाचन अधिकृतहरुको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | पद | कार्यालय | नाम | पद | कार्यालय | |
| १ | सिराहा | विष्णुपुर गाउँपालिका | श्री सुदर्शन लामिछाने | उपन्यायाधिकक्ता | विशेष सरकारी वकिल कार्यालय, काठमाडौं | श्री सुरेन्द्रप्रसाद जोशी | उपसचिव | खानी तथा भूगर्भ विभाग, काठमाडौं | |
| २ | धनुषा | हंसपुर नगरपालिका | श्री उमाकान्त पौडेल | उपन्यायाधिवक्ता | विशेष सरकारी वकिल कार्यालय, काठमाडौं | श्री जीवनाथ पोखरेल | उपमहालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय, काठमाडौं | |
| ३ | सर्लाही | चक्रघट्टा गाउँपालिका | श्री गोपाल लामिछाने | उपन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं | श्री तारानाथ लुइटेल | उपसचिव | स्वास्थ्य सेवा विभाग, टेकु | |

(ख) सिरहा र धनुषा जिल्लाका स्थानीय तहमा खटिने निर्वाचन अधिकृतका लागि धनुषा जिल्लाको जनकपुर स्थित होटल वेलकम (फोन ०४१५२१७९५) मा र सर्लाही जिल्लाका स्थानीय तहमा खटिने निर्वाचन अधिकृतका लागि बारा जिल्लाको सिमरा स्थित होटल इच्छा (फोन ९८५५०२९५९१) मा मिति २०७४ साल भदौ ४ र ५ गते विहान ९:०० बजेदेखि निर्वाचन व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन हुनेछ । सहभागीहरुलाई २०७४ भदौ ३ गते बेलुकादेखि कार्यक्रम सम्पन्न नभएसम्मका लागि सम्बन्धित होटलमै आवास सुविधा उपलब्ध गराइनेछ ।

(ग) निर्वाचन अधिकृत पदमा नियुक्त हुनु भएका महानुभावहरूले यसैलाई सूचना मानी माथि उल्लिखित स्थान र मितिमा सम्पन्न गरिने प्रशिक्षण कार्यक्रममा अनिवार्य रुपमा सहभागी हुन अनुरोध गरिन्छ । नियुक्ति पत्र प्रशिक्षण स्थलमा नै उपलव्ध गराइने छ ।

(घ) निर्वाचन अधिकृत पदमा नियुक्त हुनुभएका महानुभावहरु कार्यरत कार्यालयले यसैलाई सूचना मानी वहाँहरुलाई निर्वाचन अधिकृतको जिम्मेवारी बहन गर्न खटाइ पठाइदिनुहुन अनुरोध छ ।